आज मिति २०७५ चैत्र गत २७ बुधबारका दिन बिहानको ठिक  १२:०० बजे कचनकवल गाउँपालिकाको बैठक कक्षमा गाउँपालिकाका अध्यक्ष श्री अन्जरा आलमको अध्यक्षतामा गाउँ कार्यपालिकाका निम्नानुसारका सदस्यहरुको उपस्थितिमा बैठक बसी पेश भएका विभिन्न प्रस्तावहरु उपर छलफल गरीयो ......................

| सि.नं. | पद | नाम | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | श्री अन्जरा आलम | ९८५२६५५२१२ | |
| २ | उपाध्यक्ष | श्री निमसरी राजवंशी | ९८५२६५५२१४ | |
| ३ | वडा अध्यक्ष | श्री लक्ष्मीनारायण यादव | ९८०१४०८०२१ | |
| ४ | वडा अध्यक्ष | श्री मेखबहादुर भट्टराई | ९८१५९१९००० | |
| ५ | वडा अध्यक्ष | श्री विजय कुमार राजवंशी | ९८१७९४५७७२ | |
| ६ | वडा अध्यक्ष | श्री प्रमानन्द सिंह राजवंशी | ९८४४६०६९८५ | |
| ७ | वडा अध्यक्ष | श्री महेशलाल गणेश | ९८१४९३०९१६ | |
| ८ | वडा अध्यक्ष | श्री कुलबहाकुर कार्की | ९८४२६७९७४० | |
| ९ | वडा अध्यक्ष | श्री भरत राजवंशी | ९८०६०७५४७९ | |
| १० | सदस्य | श्री लक्ष्मीदेवी लिम्बु | ९८१५९२०७१९ | |
| ११ | सदस्य | श्री रितादेवी परियार | ९८१०२९०५८३ | |
| १२ | सदस्य | श्री रेनुका दर्जी | ९८१३३८६३८० | |
| १३ | सदस्य | श्री इन्द्रकला गणेश | ९८०६०९७४९६ | |
| १४ | सदस्य | श्री हेमलाल गणेश | ९८१५९८१४५४ | |
| १५ | सदस्य | श्री अमृतादेवी बोगटी | ९८१५०९३९०४ | |
| १६ | सचिव | श्री तुलराज थापा मगर | ९८५२६५५२१० | |
| अन्य आमन्त्रित महानुभावहरु | | | | |
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |

**बैठकमा छलफलका लागि पेश भएका प्रस्तावहरुः**

१. नयाँ वर्ष समेतको शुभकामना आदान प्रदान तथा शिरुवा पर्वको सार्वजनिक विदा सम्बन्धमा ।
२. व्याकहो लोडरको अपरेटर सेवामा कर्मचारी राख्ने सम्बन्धमा ।
३. उद्यमशील तालिम सम्बन्धमा ।
४. आयोजनाको काम परिवर्तन सम्वन्धमा ।
५. विविध ।

**निर्णय नं. १**

प्रस्ताव नं. १ का सम्बन्धमा छलफल गर्दा नेपाली परम्परा अनुसार चली आएको विक्रम सम्वतको नयाँ वर्ष २०७६ साल आगमनका सुभ अवसरमा  यस कचनकवल गाउँपालिकामा रहनु भएको आम नागरिकहरु लगायत देश विदेशमा रहनु भएका सम्पूर्ण नेपाली नागरिकहरुको सुस्वास्थ्य, दीर्घायु, उत्तरोत्तर प्रगतिका साथै सुखद एवं समृद्ध जीवन व्यतित होस् भन्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्ने निर्णय गरियो । यसैगरी यसै नयाँ वर्ष २०७६ सँगसँगै यस गाउँपालिकासमेतका क्षेत्र भित्र बसोवास गर्ने समुदायहरुले सनातनदेखि भव्य रुपमा मनाउँदै आएको शिरुवा, घाटोसरी, जुडशितल पावनीको शुभ अवसरलाई समेत विशेष महत्व दिँदै २०७६ साल बैशाख ३ गतेका दिन यस गाउँपालिका क्षेत्र भित्र सञ्चालनमा रहेका सबै सरकारी कार्यालयहरुमा सार्वजनिक विदा दिने र सो पर्वको अवसरमा समेत सबै नागरिकहरुको शिघ्र सम्मुनतिको हार्दिक शुभकामना व्यक्त गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ का सम्बन्धमा छलफल गर्दा यस गाउँ कार्यपालिकाको कार्यालयका अन्तर्गत पूर्वाधार विकास तथा विपद व्यवस्थापन समेतका लागि आवश्यक पर्ने व्याकहोलोडर खरिद भई कार्यालयमा दाखिला भई सकेकोले सो व्याकहो लोडर सञ्चालन गर्न एक जना दक्ष जनशक्ति तत्काल कामकाजमा लगाउनु पर्ने भएकोले सो कामका लागि यस क्षेत्रको स्थानीय जनशक्तिलाई पहिलो प्राथमिकता दिई कामकाजमा लगाउन उपयुक्त हुने हुँदा सो अनुसारको जनशक्ति तत्काल खोजी गरी करार सेवामा कामकाजमा लगाउने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ का सम्बन्धमा छलफल गर्दा यस गाउँपालिका अन्तर्गतका युवाहरुलाई उद्यमी बनाउने उद्देश्यले घरेलु उद्योग कार्यालय भद्रपुर झापाको च.नं. २६८, मिति २०७५।११। २८ को पत्रानुसार कुनै एक वडा छनौट गरी दिन हुन भनी अनुरोध भई आएकोमा सो तालिम सञ्चालनका लागि यस गाउँपालिका अन्तर्गतको वडा नं. ७ छनौट गरी जानकारी पठाउने निर्णय गरियो ।

**<u>निर्णय नं. ४</u>**

प्रस्ताव नं. ४ का सम्बन्धमा छलफल गर्दा आ.व.०७५।०७६ मा सञ्चालन हुने देहाय वमोजिमका आयोजनाहरुको कामहरु राष्ट्रिय तथा प्रदेशस्तरीय आयोजनाहरुसमेतबाट दोहोरा पर्न जाने, समयान्तरका हिसाबले कम महत्वका समेत हुन गएको हुँदा सो आयोजनाहरुको काम तथा नाम परिवर्तन गर्न अत्यावश्यक भएकोले सो आयोजनाको नाम तथा कामहरु परिवर्तन गरी यस निर्णयलाई आगामी गाउँ सभाबाट पारित गराउने समेत निर्णय गरियो ........................................................................................

(क) वडा नं. १ अन्तर्गतको राजश्व बाँडफाँड तर्फबाट विनियोजित सि.नं. ८२ को भन्सार टोलदेखि कुटी बजार दक्षिण पक्की नाला निर्माण आयोजनाका लागि विनियोजिम रु. १५,००,०००।- बाट निम्नानुसारका काम गर्ने :

१. हुदुरधुरादेखि पूर्व हिमाली सडकसम्मको अधुरो सडक पुरा गर्न रु. ४,००,०००।- विनियोजन गर्ने,

२. पिछडा वर्गको सामुदायिक भवन निर्माणका लागि रु. ११,००,०००।- विनियोजन गर्ने ।

(ख) वडा नं २ अन्तर्गतको स्रोत राजस्व बाँडफाँड शीर्षक अन्तर्गत विनियोजित बजेटलाई देहाय वमोजिम काम परिवर्तन गर्ने निर्णय गरियो ।

१. ब.शी.नं.३१११२, सि.नं. ४९ को युवा सामुदायिक अध्ययन केन्द्र महिला आय आर्जन कार्यक्रमलाई काम परिवर्तन गरी युवा सामुदायिक अध्ययन केन्द्रमा फर्निचर तथा आवश्यक सामान खरिद गर्ने ।

२. ब.शी.न.. ३११७२, बजेट स्रोत प्रदेश सरकार राजश्व वाँडफाँड अन्तर्गत सि.नं. ३५ को खेलकुद, संस्थागत विकास कार्यक्रम तथा कृषि सम्वन्धी तालिम तथा आयआर्जन कार्यक्रमको लागि विनियोजित बजेट रु. ४,२०,०००।- मध्येबाट रामलाल गुरागाईको घरबाट पश्चिम चिया बगान हुँदै पथरिया उ.मा.वि. जाने बाटो ग्राभेलका लागि रु. १,७५,०००।- विनियोजन गर्ने ।

३. ब.शी.न.. ३११७२, बजेट स्रोत प्रदेश सरकार राजश्व वाँडफाँड अन्तर्गत सि.नं. ३७ को लक्षित समूहहरुको आयमूलक तथा क्षमता विकास कार्यक्रमका लागि विनियोजित रकम रु. ५,५०,०००।- मध्येबाट टंक खनालको घर पूर्व बासुदेव पुल हुँदै बद्री ढुंगेलको घरतर्फ जाने बाटो ग्राभेलका लागि रु. १,००,०००।- विनियोजन गर्ने ।

(ग) वडा नं. ७ अन्तर्गतको वडास्तरीय विनियोजित वजेट मध्ये सि.नं. ४७ को भैपरी आउने खर्च शीर्षक अन्तर्गतको रु. २,००,०००।- लाई निम्नानुसारका कार्यक्रम अनुसार वजेट शीर्षक तयार गरी खर्च विनियोजन गर्ने निर्णय गरियो :

१. मर्मत सम्भार रु. ६८,०२५-

२. सरसफाई रु. ३५,०००।-

३. कार्यालय समान रु. ३०,०००।-

४. आर्थिक सहायता रु. २,०००।-

५. फर्निचर रु. ४९,९७५।-

६. स्वास्थ्य शिवीर सञ्चालन १५,०००।-

(घ) राजवंशी समुदायका लागि विनियोजित रु.१२,००,०००।- मध्येबाट :

१. शिरुवा पर्व बनियानी कोच युवा परिवारका लागि रु. १,००,०००।-

२. घाटोसरी पर्व वडा नं. १ घेराबारीका लागि रु. ४०,०००।-

३. घाटोसरी पर्व वडा नं. २ का लागि २०,०००।-

४. घाटोसरी पर्व वडा नं. ३ का लागि रु. २०,०००।-

५. घाटोसरी पर्व वडा नं. ६ डुगडुगीका लागि रु. १०,०००।-

६. घाटोसरी पर्व साविक बनियानी बजारका लागि रु. १०,०००।-

७. भुतेश्वर मन्दिर कचनकवल १ (डाकुपारा) को समुहलाई घटोसरीका लागि रु. २५,०००।-

८. तीज कार्यक्रम कचनकवल ७ को भुक्तानी बाँकी रकम रु. १०,०००।-

(ङ) मुस्लिम समुदायका लागि विनियोजित बजेट शीर्षक नं.३११११२ सि.नं. ५६ (आन्तरिक स्रोत) मदरसा व्यवस्थापन बजेट रु.९,००,०००।- मध्येबाट देहाय वमोजिम वजेट विनियोजन गर्ने ।

१. साविक केचना गा.वि.स.-४ (साविक केचना-३) को मुस्लीम समुदायमा जलसा कार्यक्रम सञ्चालनन रु. ४०,०००।- , साविक केचना ४ खुटामुनी जंगल टोलको मुस्लीम समुदायको मदरसा मर्मत सम्भार रु. १,००,०००।-

२. सुकुम्बासी टोल कचनकवल-७ को मस्जिद निर्माणका लागि रु. १,००,०००।-

३. मुफताहुल उलुम मदरसा कचनकवल ४ को मौलवी पारिश्रमिक रु. २,००,०००।-

४. घेराबारी बजारको मुस्लीम समुदायको मस्जिदलाई मस्जिद व्यवस्थापन रु. १,००,०००।-

५. वडा नं. ३ स्थित दल्की गाउँमा रहेको मुस्लीम समुदायको मदरसा व्यवस्थापन रु. १,००,०००।-

६. साविक पाठामारी-१, बडाबस्ती इदगा निर्माण रु. २,६०,०००।-

(च) यस गाउँपालिका अन्तर्गतका कृषकहरुलाई कृषि व्यवसायमा आकर्षित गर्दै कृषि औजार अनुदानका रुपमा वितरण गर्न मोटर तथा बोरिङ्ग खरिद कार्यका लागि बोलपत्र माग गरिएकोमा सो को बि.ओ.क्यु.मा थान ८४ २ एच.पी र थान ८० १.५ एच.पी.को खरिदका लागि प्रक्रिया अघि बढाइएकोमा किसानहरुको माग, पानी तान्ने तथा फ्याँकने क्षमता, दीर्घकालीन सेवा सुविधा समेतलाई मध्येनजर राख्दै सबै मोटर २ एच.पी.कै खरिद गरी वितरण गर्ने र सो कामका लागि सो शीर्षकमा छुट्याइएको नपुग रकम यसै आ.व.को पूँजीगत तथा चालु खर्च शीर्षकबाट खर्च हुन नसकी बाँकी रहेको कुनै पनि शीर्षकबाट खर्च लेख्ने अख्तियारी गाउँ कार्यपालिकाको कार्यालयलाई दिने निर्णय गरियो ।

निर्णय नं. ५

प्रस्ताव नं. ५ उपर छलफल गर्दा यस गाउँपालिकाको वोर्ड बैठकको मिति २०७५।०७।१७ को निर्णय अनुसार यस कार्यालय तथम ७ वटै वडा कार्यालयहरु आय लेखा प्रणाली र सम्पत्ति तथा भुमि कर प्रणाली जडान गर्ने, गाउँपाालिकाको केन्द्रमा जिन्सी व्यवस्थापन प्रणाली र आयोजना व्यवस्थापन प्रणाली समेत जडान गरी सेवा प्रवाहमा सुदृढीकरणका लागि सफ्टवेयर समेत खरिद गर्ने निर्णय भइसकेकोले सो कार्यको लागि लाग्ने करिव २०,००,०००।- लागत अनुमान पारित गरी सो रकम यसै आ.व.मा खर्च हुन बाँकी पुँजीगत तथा चालु खर्च शीर्षक वा कन्टिन्जेन्सी रकमबाट खर्च लेख्न गरी कार्य सम्पन्न गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई अख्तियारी दिने निर्णय गरियो ।